जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



नेपाली राजनीति : पुरानो चक्रबाट नयाँ दिशाको खोजी

ओमप्रकाश गौतम

(३)

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।



दमक-६, झापा

फाल्गुनन्द चौक

फोन: ०२३-५७५४०९



कर्मचारी आवश्यकता

- लेखापाल : १ जना
- बाइक तथा सवारी चालक : १ जना
- सहयोगी : १ जना
- योग्यता : १० पास अनिवार्य
- आवश्यक कागजात : CV अनिवार्य
- आवेदन दिने अन्तिम मिति : २०८३ कात्तिक १७ देखि २५ सम्म कार्यलय समयभित्र
- अन्तर्वार्ता मिति : २०८३ कात्तिक २६ गते बिहीबार (भाइटिकाको भोलिपल्ट)

फागु कम्पनी

कमल-५, झापा सम्पर्क : ९८६२६७३७८४

❑ वर्ष-२१ ❑ अंक - २७६ ❑ २०८३ कात्तिक १८ गते बुधबार ❑ Wednesday, 4 Nov. 2026 ❑ मूल्य ७ /-

दमकमा आजदेखि आदिवासी सांस्कृतिक महोत्सव सुरु हुँदै

दमक/ झापाको दमकमा आजदेखि आदिवासी जनजाति संस्कृतिक महोत्सव सुरु हुँदैछ । नेपाल आदिवासी जनजाति महासङ्घ तथा राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घ दमकको संयुक्त आयोजनामा सुरु हुने महोत्सवको सम्पूर्ण तयारी पूरा भएको जनाइएको छ ।

महासंघले मङ्गलबार दमकमा पत्रकार सम्मेलन गरी महोत्सव तयारी, उद्देश्यका विषयमा जानकारी दिएको हो । महासङ्घका अध्यक्ष अमर



बहादुर कुमालले महासङ्घको सहयोगार्थ १५ दिने महोत्सव सञ्चालन बताएका छन् ।

दमकमा महासङ्घको यो तेस्रो महोत्सव हो । २०६८, २०८१ साल पछि यस वर्ष पनि महोत्सवको आयोजना गरिएको अध्यक्ष कुमालले जानकारी दिए । यसअघिका दुवै महोत्सव लक्ष्यअनुसार सफल भएपनि संस्थाको आर्थिक बाँकी ४ पेजमा ▸▸

मन्त्रीपरिषद्को ताजा निर्णय

दमक । सरकारले सडक सुधारका लागि एसियाली विकास बैंक (एडिबी) बाट प्राप्त हुने २८५ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण र २० मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त सहायता स्वीकार गर्ने निर्णय गरेको हो ।

बैठकले नेपाल पुनर्बिमा कम्पनी लिमिटेडमा सरकारको थप हकप्रद सेयर लगानी गर्न पनि सहमति दिएको छ । त्यस्तै, नानो फर्टिलाइजर, बायोस्टिमुलेन्ट तथा व्यावसायिक रूपमा उत्पादन र बिक्री वितरण हुने जैविक तथा प्राङ्गारिक मललाई आवश्यक पदार्थको सूचीमा समावेश गर्ने निर्णय गरेको छ । यसबाहेक मल नियन्त्रण आदेश, २०८३ स्वीकृत गरिएको छ ।

मन्त्रिपरिषद्ले तुर्किएको आन्तालयामा कात्तिक २३ देखि मङ्सिर ४ गतेसम्म हुने संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिका पक्ष राष्ट्रहरुको ३१औँ सम्मेलन (कोप-३१) मा सहभागी हुन उच्चस्तरीय प्रतिनिधिमण्डललाई स्वीकृति दिएको छ । बाँकी ४ पेजमा ▸▸

माधव नेपाललाई अख्तियारी मुद्दा

दमक/ पूर्वप्रधानमन्त्री माधव नेपाललाई प्रतिवादी बनाएर अर्को मुद्दा विशेष अदालतमा पुगेको छ । पतञ्जलिको जग्गा हिनामिना प्रकरणमा मुद्दा छिनोफानो नहुँद उनीविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मंगलबार नयाँ मुद्दा विशेष अदालतमा लगेको हो ।

विशेष अदालतकी सूचना अधिकारी पार्वती हितानले नेपालविरुद्ध मुद्दा आएको पुष्टि गर्दै अहिले रूजु गर्ने कार्य भइरहेको बताइन् ।



सुनसरीको इटहरीमा रहेको रिजाल क्यानिङ कम्पनी (रिजाल टासी इन्ड्रष्टिज)को बाँकी ४ पेजमा ▸▸

जुवाखालबाट ६ जना पक्राउ

धरान । धरानका विभिन्न स्थानमा डाइस जुवा खेल्दै र खेलाउँदै गरेको आरोपमा प्रहरीले ६ जनालाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय धरानबाट प्रहरी निरीक्षक विनालाल साह तेलीको कमान्डमा खटिएको टोलीले कात्तिक १६ गते राति छापा मारेर उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा धरान-११ का सुहाङ लिम्बु र सन्तोष राई, धरान-१६ का उत्तम याक्खा र सुसन विक तथा धरान-१७ का रवीन मगराती र वर्णु घतानी रहेका छन् ।

पक्राउ परेका सबैलाई इलाका प्रहरी कार्यालय धरानमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

ब्राउन सुगरसहित दुई पक्राउ

सुनसरी । सुनसरीको कोशी गाउँपालिका-१ स्थित भन्सार कार्यालय अगाडिबाट ब्राउन सुगरसहित दुई जना पक्राउ परेका छन् ।

भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका धनकुटाका ३१ वर्षीय बंगी स्याङ्बो तामाङ र पाँचथरका २१ वर्षीया निस्मा राईलाई प्रहरीले कात्तिक १६ गते सौंझ नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय सुनसरी, इलाका प्रहरी कार्यालय लौकही र कोशी प्रदेश प्रहरी कार्यालयको केनाइन शाखा धरानबाट कुकुरसहित खटिएको संयुक्त टोलीले शंका लागेर जाँच गर्दा उनीहरूले शरीरका गोप्य भागमा लुकाएको ब्राउन सुगर फेला पारेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार राईबाट ११ ग्राम १३ मिलिग्राम र तामाङबाट ६ सय ६० मिलिग्राम ब्राउन सुगर बरामद भएको छ । दुबैलाई जिल्ला प्रहरी कार्यालय सुनसरीमा राखेर थप अनुसन्धान भइरहेको छ । बाँकी ४ पेजमा ▸▸

कोशी प्रदेशका २ सय ३२ आयोजना अलपत्र

पूर्वसन्देश समाचार

दमक/ कोशी प्रदेशमा बजेट अभावका कारण २ सय ३२ वटा पूर्वाधार योजना अधुरै रहेको सरकारी तथ्यांकले देखाएको छ ।

कोशी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ सम्म १२१ वटा कालोपत्रे सडक र पुल, भवनलगायत १११ वटा योजना बजेट अभावका कारण अधुरा थिए । जिल्लागत रूपमा मोरङमा ४५, झापामा ४२, सुनसरीमा ९९, इलाममा नौ, खोटाङमा तीन, उदयपुरमा दुई र धनकुटामा एउटा सडक योजना अधुरो रहेको विवरण सार्वजनिक भएको थियो । ती सडक योजना मात्रै पूरा गर्न करिब ३२ करोड रूपैयाँ आवश्यक पर्ने जनाइएको छ ।

यसैबीच प्रदेश सरकारले वर्षौंदेखि अधुरा रहेका ६९ वटा बहुवर्षीय योजनाका लागि चार अर्ब ९५ करोड ८० लाख १६ हजार रूपैयाँको स्रोत सुनिश्चित गरेको छ । चालु आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन गर्ने गरी स्रोत सहमति दिइएका योजनामा सडक स्तरोन्नति, रणनीतिक सडक, पक्की तथा भोलुङ्गे पुल र सडक सुरक्षा कार्यक्रम छन् ।

स्रोत सुनिश्चित गरिएका योजनामध्ये मोरङको किसानचोक-टाँडी-आइतबारे-रवि सडक र ओखलढुंगाको प्राप्चा-श्रीचौर-खिजिफलाटे सडकका लागि २०-२० करोड रूपैयाँ छुट्याइएको छ । पाँचथरको फेमेखोला पुलका लागि १८ करोड, झापाको गौरादह-डिपुचोक-खरेलडाँडा-बरगाछी हुँदै गौरीगन्ज सडकका लागि १५ करोड, सुनसरीको मरिया नदी पुलका लागि १४ करोड ११ लाख र इलामको रुतुवाखोला पुलका लागि १३ करोड ३३ लाख रूपैयाँको स्रोत सहमति दिइएको छ । स्रोत सहमति पाएका आयोजनाको खरिद प्रक्रिया छ महिनामित्र अघि बढाउनुपर्ने सर्त छ ।

पूर्वी नेपालको यातायात सञ्जालललाई जोड्ने मदन भण्डारी राजमार्गको कोशी खण्डमा अझै १५ वटा पुल अधुरा छन् भने ३२ किलोमिटर सडकको ठेक्का नै लाग्न सकेको छैन । यहीबीच इलाममा ११ वर्षभन्दा बढी समयदेखि अलपत्र सुखानी खोलाको पुल निर्माणको ठेक्का तोडिएको छ ।

सडक डिभिजन कार्यालय इलामले बुढी सुखानी-लोदिया-च्यामे सडक खण्डअन्तर्गत सुखानी खोलामा निर्माणाधीन आरसीसी पुलको ठेक्का अन्त्य गरेको हो । १४ वर्ष चार महिनाअघि सम्झौता भएको र करिब ११ वर्ष तीन महिनादेखि निर्माण व्यवसायीले काम छाडेको उक्त पुलको ठेक्का स्काई-अजम्बर-शिवराम जेभीसँग गरिएको थियो । एक करोड ६२ लाख रूपैयाँ लागतको पुल निर्माण नगरेपछि कार्यालयले कात्तिक १६ गते सम्झौता बाँकी ४ पेजमा ▸▸

अधुरा कामको सानो उदाहरण

झापाको पातापुरीदेखि सुनसरीको सर्दु खोलासम्म कोशी प्रदेशमा पर्ने मदन भण्डारी राजमार्गको लम्बाइ १२७८ किलोमिटर छ । आयोजनाको पछिल्लो सार्वजनिक विवरणअनुसार ९५८ किलोमिटर सडकको ठेक्का व्यवस्थापन भएकोमा ४१६८ किलोमिटर मात्रै कालोपत्र भएको छ । कमल खोलादेखि सहादतस्थलसम्मको ३२ किलोमिटर सडकको वातावरणीय प्रभाव मूल्यांकन (आईईई) समेत भएको छैन । चतरादेखि सर्दु खोलासम्मको छ किलोमिटर खण्डको ठेक्का प्रक्रिया भने सुरू भएको छ ।

राजमार्गमा ३७ वटा पुलको ठेक्का व्यवस्थापन भएकामा २२ वटा निर्माण सम्पन्न भएका छन् । बाँकी १५ मध्ये नौवटा पुलको पहुँच सडक वन क्षेत्रमा परेकाले निर्माण प्रभावित छ । समग्र आयोजनाको भौतिक प्रगति ८० प्रतिशत र वित्तीय प्रगति ७८ प्रतिशत पुगेको आयोजनाले जनाएको छ ।

औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध दमक

दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

कोशी प्रदेश, नेपाल

पूर्व जनप्रतिनिधिहरूसँग पुनर्मिलन कार्यक्रम

बडा दशैं, शुभदिपावली, छठ पर्व, नेपाल सम्वत *लगायतका चाडपर्वहरुको अवसरमा शुभकामना आदान-प्रदान तथा पुनर्मिलन कार्यक्रममा यहाँको गरिमामय उपस्थितिको लागि*

सादर निमन्त्रणा गर्दछौं ।

तपसिल

मितिः २०८३ कार्तिक १९ गते, बिहिबार

समयः दिनको २:०० बजे

स्थानः दमक नगरपालिकाको प्राङ्गण, दमक झापा

श्री कमलु भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
दमक नगरपालिका

श्री रसीला सदुवाई प्रधान
नगर अध्यक्ष
दमक नगरपालिका

श्री रामबहादुर थापा
नगर प्रमुख
दमक नगरपालिका

दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमक झापाको

बोलपत्र स्वीकृत हुने आशयको सूचना

प्रकाशित मितिः २०८३/०७/१७

यस कार्यालयद्वारा मिति २०८३/०६/०८ मा प्रकाशित सूचना बमोजिम तपसिल बमोजिमका आयोजनाहरुका लागि पर्न आएका बोलपत्रहरुका सम्बन्धमा दमक नगर पालिकाको निर्णयानुसार देहायका बोलपत्रहरु औषत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमानभन्दा सारभूत रुपमा बढी नभएको हुँदा देहायका बोलपत्रहरु स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्रस	ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	स्वीकृत रकम भ्याट सहित रु	कै.
1	DMO/JHAPA/NCB/ROAD/04/083-84	Upgradation of Satashi Marga to Bal Bikash Kendra Road, Damak 1	Aashish Asmita Nirman Sewa, Damak, Jhapa	1,86,24,401.48	
2	DMO/JHAPA/NCB/ROAD/05/083-84	Upgradation of Paruhang Marga, Damak 3	Mahankal Construction, Jhapa	1,81,64,913.73	

प्रमुख प्रशासकीय अधिकृत

सम्पादकीय

लालपुर्जा वितरणमा अब ढिलाई नगरौं

भूमि मानिसको जीवन, पहिचान र सुरक्षित भविष्यसँग जोडिएको आधारभूत अधिकार हो । पुस्तौंदेखि जग्गामा बसोबास गर्दै आएका तर स्वामित्वको प्रमाण नपाएका नागरिकका लागि लालपुर्जा केवल कागजको टुक्रा होइन, सामाजिक सुरक्षा र सम्मानपूर्वक बाँच्ने आधार हो । तर वर्षौंदेखि राजनीतिक प्रतिबद्धता र सरकारी घोषणामा सीमित भूमिहीन तथा सुकुम्बासीको समस्या अझै पूर्ण रूपमा समाधान हुन सकेको छैन । झापामा पछिल्लो समय देखिएको सरकारी चासो र स्थानीय तहको कार्यप्रगतिबीचको बहसले यही प्रश्नलाई फेरि सतहमा ल्याएको छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले झापा भ्रमणका क्रममा स्थानीय सरकारहरुले भूमिहीनको समस्या समाधानमा अपेक्षाअनुसार काम नगरेको र कतिपयले झारा टार्ने प्रवृत्ति देखाएको आरोप लगाएकी छन् । सरकारले यस विषयलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै उनले स्थानीय तहलाई कामको गति बढाउन निर्देशनसमेत दिएकी छन् । बाधा-अड्चन भए मन्त्रालय सहयोग गर्न तयार रहेको उनको भनाइ छ ।

तर स्थानीय तहका जनप्रतिनिधिहरु भने आफूहरु भूमिहीनलाई जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउन निरन्तर काम गरिरहेको बताउँदै आएका छन् । दमक नगरपालिकाको पछिल्लो प्रगति विवरणले पनि प्रक्रिया अघि बढिरहेको देखाउँछ । नगरपालिकामा ६ हजार ४४३ जनाको विवरण प्रणालीमा प्रविष्ट भएको छ । तीमध्ये ५६८ भूमिहीन दलित, २ हजार ४५६ भूमिहीन सुकुम्बासी र ३ हजार ३३१ अव्यवस्थित बसोबासी छन् । झापाका १५ वटै स्थानीय तहमा ५० हजार ७०० भन्दा बढी निवेदन परेको विवरणले समस्याको व्यापकता स्पष्ट गर्छ । दमकमा लगत संकलन, प्रमाणीकरण, दावीविरोध र फाइल जिल्ला समितिमा पठाउने प्रक्रिया अघि बढेको छ । यसअघि वितरण गरिएका २६ वटा पुर्जामा कित्ता विवरणको प्राविधिक त्रुटि देखिनु र १०१ वटा फाइल दर्ता प्रक्रियामा रहनुले काममा अझै सुधार र सावधानी आवश्यक रहेको देखाउँछ ।

यस्तो अवस्थामा मन्त्री र स्थानीय जनप्रतिनिधिबीच आरोप(प्रत्यारोप गर्नुको कुनै औचित्य छैन । मन्त्रीले कामको गति र परिणाम खोज्नु स्वाभाविक हो भने स्थानीय तहले भोगिरहेका कानुनी, प्राविधिक र प्रशासनिक जटिलता समाधान गर्नु संघीय सरकारको दायित्व पनि हो । समस्या कहाँ छ भन्ने पहिचान गरी जिम्मेवारी स्पष्ट गर्नुपर्छ । आवश्यक कानुनी स्पष्टता, प्राविधिक जनशक्ति, नापी तथा मालपोतसँगको समन्वय र अभिलेख व्यवस्थापनमा सरकारले सहयोग गर्नुपर्छ । भूमिहीनको समस्या समाधान गर्दा वास्तविक लाभग्राही छुट्नु हुँदैन र गैरलाभग्राहीले अनुचित लाभ पाउनु पनि हुँदैन । राजनीतिक पहुँच, दबाब र पक्षपातभन्दा माथि उठेर निष्पक्ष छानबिन तथा पारदर्शी प्रक्रिया अपनाउनु आवश्यक छ । लालपुर्जा वितरणका नाममा वर्षौंसम्म आश्वासन बाँड्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ ।

अन्ततः मन्त्रीको निर्देशन, स्थानीय तहको प्रगति विवरण र बैठकका निर्णयभन्दा महत्वपूर्ण नागरिकको हातमा पुग्ने लालपुर्जा हो । झापाका स्थानीय सरकारहरुले निर्धारित समयसीमा र स्पष्ट कार्ययोजनासहित काम अघि बढाउनुपर्छ । संघीय सरकारले पनि अनुगमन मात्र होइन, आवश्यक सहजीकरण र समस्या समाधानमा सक्रिय भूमिका निर्वाह गर्नुपर्छ । भूमिहीनका लागि अब आश्वासन होइन, स्वामित्व चाहिएको छ । आरोप(प्रत्यारोप होइन, परिणाम चाहिएको छ । सरकारको सफलता बैठक र निर्देशनमा होइन, वर्षौंदेखि लालपुर्जाको प्रतीक्षामा रहेका नागरिकले आफ्नो जग्गाको कानुनी स्वामित्व प्राप्त गरेको दिन प्रमाणित हुनेछ ।

नेपाली राजनीति : पुरानो चक्रबाट नयाँ दिशाको खोजी



ओमप्रकाश गौतम
omgautam2078@gmail.com

पुराना राजनीतिक दलहरुसँग लामो संघर्ष, संगठन र शासन सञ्चालनको अनुभव छ । तर उनीहरुको नेतृत्व शैली, आन्तरिक लोकतन्त्र, पारदर्शिता र कार्यसम्पादनबारे प्रश्न उठिरहेका छन् । अर्कोतर्फ नयाँ र जिनीतिक शक्ति र नयाँ अनुहारप्रति नागरिकको आकर्षण पनि देखिएको छ । तर नयाँ हुनु मात्रै योग्य हुनुको प्रमाण होइन । नयाँ नेतृत्वले पनि नीति, कार्यक्षमता, इमानदारी र परिणामबाट आफ्नो औचित्य पुष्टि गर्नुपर्छ ।

सत्ता परिवर्तन, नेतृत्वप्रतिको अविश्वास, युवा पलायन र पछिल्ला राजनीतिक घटनाक्रमले नेपाली राजनीतिलाई फेरि एउटा निर्णायक मोडमा पुऱ्याएका छन् । जनतामा परिवर्तनको चाहना छ, तर त्यससँगै निराशा, असन्तुष्टि र आक्रोश पनि बढिरहेको छ । पटकपटक राजनीतिक व्यवस्था परिवर्तन भयो, नेतृत्व फेरियो, संविधान बन्यो, निर्वाचन भए र नयाँ राजनीतिक शक्तिले पनि शासन सञ्चालन गर्ने अवसर पाए । तर आम नागरिकको जीवनमा अपेक्षित परिवर्तन किन आउन सकेन? राजनीतिक उपलब्धि र जनताको दैनिक जीवनबीचको दूरी किन घट्न सकेन? अबको नेपाली राजनीति कुन दिशातर्फ अघि बढ्नुपर्छ? यी प्रश्नको उत्तर खोज्न विगतका उपलब्धि, वर्तमानका चुनौती र भविष्यका सम्भावनालाई सँगसँगै हेर्न आवश्यक छ ।

नेपालको राजनीतिक इतिहास संघर्ष, बलिदान र परिवर्तनको इतिहास हो । २००७ सालमा राणाशासनको अन्त्य, २०४६ सालको जनआन्दोलन, २०५२ सालमा सुरू भएको सशस्त्र द्वन्द्व, २०६२/६३ को जनआन्दोलन, गणतन्त्र स्थापना र २०७२ सालमा संविधान जारी हुनु नेपाली राजनीतिक यात्राका महत्वपूर्ण मोड हुन् । यी परिवर्तनले नागरिकलाई सार्वभौमसत्ता, लोकतान्त्रिक अधिकार, समावेशिता र राजनीतिक सहभागिताको अवसर दिएका छन् । तर राजनीतिक अधिकार प्राप्त हुनु र नागरिकको आर्थिक तथा सामाजिक जीवन सहज हुनु फरक विषय हुन् । आज पनि गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, रोजगारी, न्याय र आर्थिक सुरक्षाका लागि नागरिकले संघर्ष गर्नुपरेको छ । परिवर्तनका लागि बलिदान दिने जनताले त्यसको प्रत्यक्ष अनुभूति गर्न नपाउनु नै अहिलेको असन्तुष्टिको प्रमुख कारण हो ।

नेपाली राजनीतिमा देखिएको अर्को गम्भीर चुनौती राजनीतिक विश्वासको संकट हो । निर्वाचनका बेला गरिने आश्वासन र सरकारमा पुगेपछि देखिने कार्यशैलीबीचको अन्तरले नागरिकमा निराशा बढाएको छ । सरकार परिवर्तन, गठबन्धन निर्माण, मन्त्रालय बाँडफाँट र राजनीतिक समीकरण फेरिने क्रमले नीतिगत निरन्तरता र विकासका प्राथमिकतामाथि प्रश्न उठाएको छ । संसदीय लोकतन्त्रमा सरकार बन्नु र ढल्नु संवैधानिक प्रक्रिया हो, तर हरेक सत्ता परिवर्तनसँगै राष्ट्रिय प्राथमिकता र सार्वजनिक नीति प्रभावित हुनु उचित होइन । राजनीति केही व्यक्तिको पद र प्रतिष्ठा प्राप्त गर्ने माध्यम नभई नागरिकको जीवनस्तर सुधार्ने जिम्मेवारी हो । त्यसैले दलहरुले सत्ता प्राप्तिको प्रतिस्पर्धाभन्दा माथि उठेर साझा राष्ट्रिय एजेन्डा बनाउनुपर्छ । पुराना दलसँग संघर्ष, संगठन र शासनको अनुभव छ भने नयाँ राजनीतिक शक्तिसँग नयाँ सोच र ऊर्जा छ । तर पुरानो हुनु अनुभवको मात्र प्रमाण र नयाँ हुनु योग्यताको प्रमाण होइन । दुवैले पारदर्शिता, कार्यक्षमता र परिणामबाट आफ्नो औचित्य पुष्टि गर्नुपर्छ ।

अबको राजनीतिले गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्ने विषय युवा पलायन हो । रोजगारी, अध्ययन र सुरक्षित भविष्यको खोजीमा ठूलो संख्यामा नेपाली युवा विदेशिरहेका छन् । गाउँका खेतबारी बाँझिँदै छन्, उत्पादनशील जनशक्ति बाहिरिँदै छ र परिवारका सपना विमानस्थलबाट बिदाइ भइरहेका छन् । अर्थ मन्त्रालयको २०८३ वैशाखमा सार्वजनिक आर्थिक स्थितिपत्रमा उल्लेख भएअनुसार चौथो नेपाल जीवनस्तर सर्वेक्षणले बेरोजगारी दर १२.६ प्रतिशत देखाएको छ । आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारीका लागि नयाँ र पुनः श्रम स्वीकृति गरी आठ लाख ३९ हजारभन्दा बढी स्वीकृति जारी भएको छ । यसमा पाँच लाख छ हजार नयाँ र तीन लाख ३३ हजार पुनः श्रम स्वीकृति छन् । पुनः श्रम स्वीकृतिसमेत समावेश भएकाले यो संख्या विदेशिने व्यक्तिको छुट्टै संख्या होइन, तर वैदेशिक रोजगारीमाथिको निर्भरता भने स्पष्ट हुन्छ । विप्रेषणले अर्थतन्त्र र परिवारको जीवनयापनमा योगदान पुऱ्याए पनि उत्पादनशील जनशक्ति र सीप पलायनको जोखिम बढाएको छ । त्यसैले कृषि, पर्यटन, उद्योग, सूचना प्रविधि र उद्यमशीलतामा लगानी गरी स्वदेशमै सम्मानजनक रोजगारी सिर्जना गर्नुपर्छ । विदेश जानु बाध्यता होइन, व्यक्तिगत रोजाइ बन्ने वातावरण आवश्यक छ ।

भ्रष्टाचार, अपारदर्शिता र बिचौलियातन्त्रले राज्यप्रतिको विश्वास कमजोर बनाइरहेका छन् । सार्वजनिक खर्चको प्रभावकारिता नदेखिनु, खरिद प्रक्रियामा अनियमितताको आशंका उठनु र पहुँचका आधारमा काम हुने प्रवृत्तिले शासन व्यवस्थामाथि प्रश्न खडा गरेको छ । यसै सन्दर्भमा पछिल्लो समय चर्चामा आएको इनम सापकोटा प्रकरणले न्यायालय, सुरक्षा निकाय र राजनीतिक क्षेत्रको जवाफदेहिताबारे बहस जन्माएको छ । सञ्चारमाध्यममा सार्वजनिक भएका विवरणअनुसार सापकोटाको सम्पर्क र संवादका विषयमा उच्चपदस्थ व्यक्ति तथा न्यायिक क्षेत्रसँग जोडिएका पक्षबारे अनुसन्धान भइरहेको छ । तर सम्पर्कमा रहेको विवरण मात्रले कसैको कसुर प्रमाणित गर्दैन । प्रहरीले अनुसन्धान गोप्य रूपमा भइरहेको जनाउँदै अपुष्ट विवरण सार्वजनिक नगर्न र समाचारको आधिकारिकता पुष्टि गर्न आग्रह गरेको छ । त्यसैले यस प्रकरणमा आरोपलाई निष्कर्षका रूपमा लिनु हुँदैन; निष्पक्ष अनुसन्धान र कानुनी प्रक्रियाबाट सत्य बाहिर आउनुपर्छ । पद, पहुँच वा प्रतिष्ठाका आधारमा कसैले छानबिनबाट उन्मुक्ति पाउनु हुँदैन ।

संघीयताको औचित्य पनि नागरिकले पाउने सेवाबाट प्रमाणित हुनुपर्छ । संघीयता प्रदेश र स्थानीय तहमा कार्यालय तथा सरकार स्थापना गर्नुमा मात्र सीमित हुनु हुँदैन । शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार र रोजगारीका क्षेत्रमा नागरिकले सहज सेवा पाउनुपर्छ । तीनै तहका सरकारबीच अधिकार र स्रोतको विवादभन्दा समन्वय र सहकार्य आवश्यक छ । संघीयता खर्चिलो भयो भन्ने आलोचनाको जवाफ सेवा प्रवाह, विकासको परिणाम र नागरिकको सहजताबाट दिन सक्नुपर्छ । त्यसैगरी भारत र चीनजस्ता दुई ठूला छिमेकीबीच रहेको नेपालले राष्ट्रिय हितमा आधारित सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्नुपर्छ । व्यापार, पारवहन, ऊर्जा, पर्यटन र पूर्वाधार विकासमा सहकार्यका अवसर खोज्दै सार्वभौमिकता र भौगोलिक अखण्डतामा स्पष्ट अडान राख्नुपर्छ । परराष्ट्र नीति कुनै दल वा सरकारको अल्पकालीन स्वार्थअनुसार बदलिनु हुँदैन ।

अबको नेपाली राजनीति सत्ता समीकरण र नेतृत्व परिवर्तनको बहसभन्दा उत्पादन, रोजगारी, शिक्षा, स्वास्थ्य र प्रविधिको एजेन्डामा केन्द्रित हुनुपर्छ । किसानले उत्पादनको उचित मूल्य पाउने व्यवस्था, साना तथा मझौला उद्योगलाई प्रोत्साहन, स्वदेशी उत्पादनको बजार विस्तार र पर्यटन पूर्वाधारको विकास आवश्यक छ । शिक्षा प्रणालीलाई सीप, अनुसन्धान र रोजगारीसँग जोड्नुपर्छ । विकासको मापन सडक, पुल र भवनको संख्याले मात्र होइन, नागरिकको आय, रोजगारी, शिक्षा, स्वास्थ्य र जीवनस्तरमा आएको सुधारले हुनुपर्छ । यसका लागि राजनीतिक नेतृत्वसँगै नागरिकको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । निर्वाचनमा उम्मेदवारको विचार, विगतको काम, योजना र जवाफदेहितालाई आधार बनाउनुपर्छ । निर्वाचित प्रतिनिधिलाई प्रश्न गर्ने, सार्वजनिक कामको निगरानी गर्ने र गलत निर्णयको विरोध गर्ने नागरिक संस्कार विकास गर्नुपर्छ । राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र, पारदर्शी नेतृत्व चयन र युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुनुपर्छ । लोकतन्त्रमा असहमति स्वाभाविक हो, तर असहमति शत्रुता र राजनीतिक प्रतिस्पर्धा व्यक्तिगत प्रतिशोधमा बदलिनु हुँदैन । अब देशलाई पुरानो र नयाँबीचको निरन्तर द्वन्द्व होइन, सुशासन, आर्थिक समृद्धि, जवाफदेहिता र राजनीतिक संस्कारको स्थान्तरण चाहिएको छ ।

पाठक पत्र

प्याउलीका तीन बालबालिकाको मृत्युको सत्यतथ्य कहिले बाहिर आउँला ?

सम्पादक ज्यु,

भोजपुरको अरूण गाउँपालिका-३ प्याउलीमा तीन बालबालिकाको रहस्यमय मृत्यु भएको नौ वर्ष बितिसक्दा पनि घटनाको सत्य बाहिर आउन सकेको छैन । २०७४ असारमा भएको स्थानीय तह निर्वाचनको चहलपहल थियो । गाउँमा सुरक्षाकर्मीको बाक्लो उपस्थिति थियो । तर यही सुरक्षा घेराबीच घरबाट निस्किएका तीन अबोध बालबालिका सुष्मा फुयाल, प्रदीप फुयाल र रञ्जित सापकोटा बेपत्ता भए । दुई दिनको खोजीपछि उनीहरु स्थानीय तोरण कार्कीको पोखरीमा मृत अवस्थामा भेटिए ।

पोखरीमा पानीमा घोप्टो परेको अवस्थामा भेटिएका तीन बालबालिकाको शवले गाउँलाई स्तब्ध बनायो । घटना शंकास्पद र रहस्यमय थियो । निर्वाचनको माहोल, सुरक्षाकर्मीको उपस्थिति र त्यसबीच भएको यस्तो दुःखद घटनाले अनेक प्रश्न जन्मायो । तर बालबालिकाको मृत्यु भएको भोलिपल्टै स्थानीय तहको निर्वाचन सम्पन्न भयो । तीन बालबालिकाको मृत्युको कारण पत्ता लगाउन र घटनाको गम्भीरताअनुसार अनुसन्धान अघि बढाउनुपर्ने बेला निर्वाचन प्रक्रिया भने रोकिएन । राजनीतिक गतिविधि र पदको प्रतिस्पर्धाबीच यो घटनाले अपेक्षित प्राथमिकता पाएन भन्ने पीडित परिवारको गुनासो आज पनि सुनिन्छ ।

घटनापछि प्रहरीले अनुसन्धान गऱ्यो । केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) समेत परिचालित भयो । विभिन्न व्यक्तिसँग सोधपुछ, कल डिटेलको अध्ययन र प्राविधिक अनुसन्धान गरिए पनि घटनाको निष्कर्ष सार्वजनिक हुन सकेन । पोस्टमार्टम तथा फरेन्सिक परीक्षणले पनि मृत्युको कारण स्पष्ट पारेन ।



प्रदीपको श्वासनलीमा खानेकुराको अंश तथा सुष्मा र रञ्जितको घाँटीमा चुइगम भेटिएको विवरण सार्वजनिक भए पनि त्यसले मृत्युको कारण पुष्टि गर्न सकेन । शरीरमा बाहिरी चोटपटक वा विषको प्रमाण नदेखिएको बताइएको छ । घटनापछि पीडित परिवारले न्यायका लागि अनेक निकाय धायो । चेतनाथ फुयालको परिवार गाउँ छाडेर इटहरी पुग्यो । घर, व्यवसाय र गाउँसँगको सम्बन्ध टुट्यो, तर मनमा रहेको प्रश्न मेटिएन ।

तीन बालबालिकाको मृत्यु हत्या थियो वा दुर्घटना, यसको अन्तिम निष्कर्ष अनुसन्धानबाटै आउनुपर्छ । तर नौ वर्षसम्म सत्य सार्वजनिक नहुनु आफैंमा गम्भीर प्रश्न हो । राज्यले पुराना फाइल पल्टाएर अनुसन्धानको अवस्था सार्वजनिक गर्नुपर्छ । दोषी प्रमाणित भए कानुनी कारबाही र नभए मृत्युको वास्तविक कारणबारे स्पष्ट जवाफ दिनुपर्छ । प्याउलीका तीन परिवारले अझै न्यायको प्रतीक्षा गरिरहेका छन् । - **अक्रम राई, भोजपुर**

सामाजिक सञ्जाल

संसद् बैठक बोलाउन विपक्षी दलको माग : नेताहरूले के भने ?

भीष्मराज आङ्देम्बे - नेपाली कांग्रेस



नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले पछिल्लो राजनीतिक घटनाक्रमबारे छलफल गर्न तत्काल संघीय संसद्को बैठक बोलाउनुपर्ने बताएका छन् । पत्रकार पक्राउ, सञ्चारगृहमा प्रहरी प्रवेश, न्यायालयमा बिचौलियाको प्रभाव र प्रहरीमाथि उठेका प्रश्न संसद्मा छलफल हुनुपर्ने उनको भनाइ छ । सरकारले अध्यादेशमार्फत शासन सञ्चालन गर्न खोजेको भन्दै उनले संसद्को गरिमा र भूमिकामाथि प्रश्न उठेको बताए । विपक्षी दलहरुको बैठकले गम्भीर विषयमा साझा धारणा बनाउने र संसद्बाटै समाधान खोज्ने निर्णय गरेको जानकारी पनि उनले दिएका छन् ।

पद्मा अर्याल - नेकपा एमाले



नेकपा एमालेकी सचिव तथा संसदीय दलकी उपनेता पद्मा अर्याल विपक्षी दलहरुको संयुक्त बैठकमा सहभागी थिइन् । बैठकमा सरकारका पछिल्ला गतिविधि, प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप, न्यायालयको स्वायत्तता र संसद्को भूमिकाबारे छलफल भएको थियो । विपक्षी दलहरुले उठाएका विषयमा साझा धारणा बनाएर सरकारलाई जवाफदेही बनाउनुपर्ने एजेन्डामा उनको सहभागिता रहेको देखिन्छ । तर कात्तिक १७ गते प्रकाशित समाचारमा अर्यालको छुट्टै प्रत्यक्ष भनाइ वा उद्धरण भेटिएको छैन । त्यसैले बैठकमा उनको सहभागिता र बैठकको साझा निष्कर्षलाई नै आधार मानेर उनको धारणा प्रस्तुत गरिएको छ ।

खुशबु ओली - राष्ट्रिय प्रजातन्त्र पार्टी



राष्ट्रिय प्रजातन्त्र पार्टीकी प्रमुख सचेतक खुशबु ओली विपक्षी दलहरुको बैठकमा सहभागी भएकी थिइन् । बैठकमा सरकारका कामकारबाही, प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप, न्यायालयको स्वायत्तता र संवैधानिक निकायको भूमिकाबारे साझा धारणा बनाउने विषयमा छलफल भएको थियो । विपक्षी दलहरुले संसद् बैठक तत्काल बोलाउन माग गर्ने तथा गम्भीर राजनीतिक र संवैधानिक विषयमा संसद्मा छलफल अघि बढाउने निष्कर्ष निकालेका थिए । ओलीको सहभागिता बैठकमा रहेको समाचारमा उल्लेख भए पनि उनले छुट्टै के भनिन् भन्ने प्रत्यक्ष उद्धरण भेटिएको छैन । त्यसैले उनको व्यक्तिगत भनाइका रूपमा नभई बैठकको साझा विषय र निष्कर्षका आधारमा यो विवरण तयार गरिएको हो ।

मौसम खुलेपछि भोजपुरका किसान धान काट्न व्यस्त



भोजपुर । निरन्तर वर्षाले अवरूद्ध गरेको पाकेको धान काट्ने नपाएका किसान मौसम खुल्ने वित्तिकै व्यस्त बनेका छन् । भोजपुरको पूर्वी इलाका अरूण गाउँपालिका, चरम्बी गाउँपालिकालगायतका पालिकाका किसान पहेलपुर पाकेर धान काट्न व्यस्त बनेका हुन । उनीहरू विहानै शित ओभाएपछि खेतमा धान काट्न खटिएको बताउँछन ।

त्यसो त काटिएका धान झारेर थन्क्याउने काम पनि सँगसँगै भईरहेको तर्क भोजपुर चरम्बी ७ का किसान शंकरमान कार्कीको छ । वर्षाले धान भित्र्याउने काम प्रभावित भएपछि अहिले काट्ने, मुठा बाँध्ने, सुकाउने र घरमा भण्डारण गर्ने कामलाई प्राथमिकता भइरहेको कार्कीको तर्क छ ।

घरमा काम गर्ने जनशक्ति कम भए पनि छरछिमेकीसँग अर्मपर्म गरेर काम चलाउँदै आएको उनको भनाई छ । बेला बेला परिरहेको झरी र सरकारी सूचनाले किसानलाई त्रसित बनाए पनि एकाएक मौसममा आएको परिवर्तनले किसानलाई राहत मिलेको छ । उनी भन्छन मौसम खुलेपछि धान भित्र्याउन सहज भएको बताउँछन । "केही दिनअघिको वर्षाले धान थन्क्याउने काममा ढिलाई भयो ।

स्थानीय किसान मादेन सापकोटाका अनुसार किसानहरू वर्षभरि खाने अन्न जोहोतिर लागेका छन् । मौसमले साथ दिएको बेला पाकेको धान काटेर भण्डारण गर्नु किसानको महत्वपूर्ण काम बनेको छ । वर्षाका कारण धानबालीमा केही क्षति पुगे पनि बाँकी उत्पादन जोगाउन किसान जुटेका उनको तर्क छ ।

धान भोजपुरका किसानको प्रमुख खाद्यबाली हो । जिल्लाका नौवटै स्थानीय तहमा धानखेती हुँदै आएको छ । मौसममा सुधार आएपछि धान भित्र्यौंसन सहज भए पनि बेमौसमी वर्षाका कारण बालीमा पुगेको क्षतिले किसानलाई चिन्तित बनाएको छ ।

अब स्वास्थ्य बीमा कार्डका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य

दमक । स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुने, नवीकरण गर्ने तथा स्वास्थ्य बीमा सेवा प्राप्त गर्ने प्रयोजनका लागि आगामी २०८३ साल पुस १ गतेदेखि १६ वर्ष उमेर पूरा गरेका नागरिकलाई राष्ट्रिय परिचयपत्र अनिवार्य गरिने भएको छ ।

स्वास्थ्य बीमा बोर्ड, बबरमहलले बोर्डको मिति असोज १२ को निर्णयअनुसार उक्त व्यवस्था लागू गर्न लागेको हो । नेपाल सरकार, गृह मन्त्रालयले २०८१ असार १० गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी २०८२ साउन १ गतेदेखि स्वास्थ्य बीमा कार्यक्रममा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने व्यवस्था गरेको थियो ।

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
उपभोक्तादेखि तपाईंहरूको रोजाइमा
समर्पित यस ममेत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सबै स्टेप्लाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन सबै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ ममेत गरिदिन्छ ।
साथै घरमा आईर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तथार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरू, रेकर्डप्लेयर मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरू ममेत गरिन्छ ।
२) यहाँ होम मेमिग्नको मेता पनि उपलब्ध छ ।
३) सबै प्रकारका रोकेण्डहरेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

SHREE RATNA JEWELLERY
दमक-६, शंखधरचोक, झापा
छापावाल सुन बिक्री दर 2,75,500/
चाँदी बिक्री दर 3690/-
हिजोको सुनचाँदीको दरभाउ
मिति २०८३ कार्तिक १३
शुद्धताको ग्यारेन्टीसहित यहाँ आधुनिक तथा पौराणिक आकर्षक डिजाईनका सुनचाँदीका गरगहनाहरू बनाउनुका साथै शुभ मूल्यमा खरिद-बिक्री गरिन्छ ।
सुरक्षित तेरु तकरको आवश्यकता परेमा पनि हामीलाई सम्झनुहोला ।
सम्पर्क: ९८५९९६६३१५ (9815996315)

Log on मनुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

रोचक

पिरामिडभित्र लुकेको फिरऊनको रहस्य



पिरामिडभित्र लुकेको फिरऊनको रहस्य – इजिप्ट करिब ४५०० वर्षअघि इजिप्टका राजाहरूका लागि विशाल पिरामिड बनाइन्थे । इजिप्टका फिरऊन खुफुको महान् पिरामिड आज पनि संसारको आश्चर्य मानिन्छ । मानिसहरूलाई वर्षौंसम्म एउटा प्रश्नले अचम्मित बनाइरह्यो–त्यति विशाल ढुङ्गा कसरी काटिए, ओसारिए र यति सटीक तरिकाले जोडिए? आधुनिक अनुसन्धानले निर्माण प्रविधिबारे धेरै कुरा पत्ता लगाए पनि केही पक्ष अझै अध्ययनकै विषय छन् ।



ट्रोयको काठको घोडा

प्राचीन ग्रिसको प्रसिद्ध कथाअनुसार ट्रोय सहरलाई जित्न ग्रीक सैनिकहरूले विशाल काठको घोडा बनाए । त्यसको भित्र सैनिकहरु लुकेका थिए । ट्रोयका मानिसहरूले त्यसलाई विजयको उपहार ठानेर सहरभित्र लगे । रात परेपछि घोडाभित्रका सैनिक बाहिर निस्किए र सहरका ढोका खोले । यसरी छलकपटबाट ट्रोयमाथि विजय प्राप्त भएको कथा प्रसिद्ध भयो । यो घटना होमरको महाकाव्यसँग जोडिएको छ, तर यसको विवरण पौराणिक परम्पराको अंश हो ।



पान्डोराको बाकस – ग्रिसको रहस्यमय कथा

ग्रीक पौराणिक कथामा पान्डोरालाई एउटा बन्द भाँडो दिइएको थियो । त्यसलाई नखोल्न भनिएको थियो । तर जिज्ञासाले गर्दा उनले भाँडो खोलिन् । त्यसबाट संसारमा रोग, दुःख, ईर्ष्या र पीडा फैलियो । उनले तुरुन्तै भाँडो बन्द गरिन्, तर भित्र आशा मात्र बाँकी रह्यो । यस कथाले जिज्ञासा, मानवीय कमजोरी र कठिन परिस्थितिमा आशाको महत्व सिकाउँछ ।




चीनको महान् पर्खाल – हजारौं वर्षको संघर्ष

चीनका विभिन्न राज्यहरूले आक्रमणबाट बच्न पुराना पर्खाल बनाएका थिए । पछि सम्राट छिन शि हुआङको शासनकालमा तीमध्ये धेरै संरचनालाई जोड्ने र विस्तार गर्ने काम भयो । हजारौं श्रमिकले कठिन परिस्थितिमा निर्माण कार्य गरे । आज महान् पर्खाल चीनको ऐतिहासिक पहिचान बनेको छ । यो कथा केवल पर्खालको होइन, मानिसको श्रम, सङ्गठन र रणनीतिक शक्तिको पनि कथा हो ।



डा. प्रेम खत्री



नेपाली सामाजिक संस्कार हरूमा तिथिमितिको महत्व

केही मुख्य सामाजिक संस्कार र तिथिबीचको सम्बन्ध

जन्म : धेरै हिन्दु जातिहरूमा पहिले जन्मअघि गर्नु पर्ने पुंसवनलगायत विविध कर्म गरिन्थे । अब ती त्यति गरिँदैनन् । शिशु जन्म एउटा महत्त्वपूर्ण पारिवारिक एवम् सामाजिक घटना भएकोले जन्मनासाथ त्यो मुहूर्तमा कुन राशि, ग्रह, नक्षत्र सक्रिय थिए वा शासनमा थिए भन्ने हेरिन्छ । जस्तो औंसीको चतुर्दशीमा भएको जन्म व्यक्तिका लागि शुभ मानिँदैन तर त्यस्तो जन्म भइहाले आवश्यक स्वस्ति-शान्ति गर्ने विधान पनि छ । जन्मेको तिथि गणनाबाटै व्यक्तिको जन्मपत्री बन्छ । तिथिहरूको दोसाँध नपरेको जन्मलाई बाधारहित मान्ने विश्वास छ ।

जन्मेको तिथिले पछि विवाहमा पनि असर पार्छ भन्ने पनि हामीकहाँ विश्वास छ ।

संस्कृति र अनुभूतिका आयामह

बुद्धि संस्कार : पास्नी, छेवर, कर्णभेद, व्रतबन्ध आदि बुद्धि संस्कारमा पनि तिथिको महत्त्व छ । यी संस्कार सम्पन्न गर्दा पनि रिक्ता समूह अर्थात् ४, ९ र १४ लाई छल्ने परम्परा छ । यसै गरी साउनदेखि कार्तिकसम्मका महिना पनि त्याज्य नै मानिन्छन् ।

अक्षारम्भ :शिशुलाई अक्षर चिनाउनु वा लेख्न-पढ्न लगाउनु उसको शारीरिक र मानसिक ताकत बढ्ने क्रममा एक अवस्थामा पुगेको घटना हो । अतएव सर्वप्रथम अक्षर आरम्भ गराउँदा २, ३, ५, ७, १०, ११ र १२ तिथिलाई उत्तम मानिन्छ । उत्तम मानिनुको तात्पर्य यी तिथिमा अक्षर चिन्ने शिशु पछि विद्वान् हुन्छ भन्ने कारणले हो ।

उपनयन : कर्णभेदजस्तै उपनयनमा पनि प्रायः वर्षाका चार महिना (साउनदेखि कार्तिकसम्म) छलिन्छ । श्रीपञ्चमी, अक्षयतृतीया आदिलाई शुभकार्यका लागि खासै साइत जुराउनु नपर्ने तिथि मानिन्छ । उपनयन संस्कारमा कुमारलाई गायत्रीमन्त्र श्रवण गराउनु महत्त्वपूर्ण भएकाले यसमा तिथिभन्दा मुहूर्तको विशेष ख्याल गरिन्छ । क्रमशः...

विवाह : विवाह परिवार र सामाजिक जीवनलाई गति र जीवन्तता दिने, नयाँ नाता सम्बन्ध जोड्ने, जीवनमा स्थायित्व र गति दुवै पक्ष सुनिश्चित गर्ने घटना भएकोले यसका लागि शास्त्रले विविध व्यवस्था गरेको छ । वर्षभरिका केही महिना विवाहका लागि शुभ मानिदैनन् । विवाहको कुरा अघाडि बढाउने, त्यसलाई अन्तिम रूप दिने आदि कार्यमा नक्षत्रका हिसाबले यहाँ पनि रिक्ता वर्गका नक्षत्र छल्नु भन्ने निर्देश छ ।


विवाहका कार्यमा 'भद्रा' छल्ने पनि विधान छ। विवाह कार्यमा २८ नक्षत्रमध्ये 'तीन उत्तरा अर्थात् उत्तराभाद्रपदा, उत्तरषाडा, उत्तराफाल्गुणीलाई राम्रो मानिन्छ । तर अहिले हामीकहाँ, खासगरी व्यस्त सहरी जीवनमा विकसित सबै विधि छिटो सक्ने भोजभतेर विधिलाई बढी समय दिने प्रवृत्तिमा सबै २८ नक्षत्रलाई दिपीले नै आँ नो पक्षमा अर्थात शुभ पार्ने प्रचलन हावी छ । यसमा कनै तिथिको अग्राधिकारको कुरा रहेन । वास्तवमा अहिले तन, मन र धन मिलेपछि सबैखाले भद्राहरू भद्र हुँदै गएको देख्न सकिन्छ । यो संशोधित परिदृश्य अहिले हाम्रो सामाजिक लौकिक जीवनमा हावी भएको अनुभव गर्न सकिन्छ ।

त्यसैले अहिले हाम्रो रीति परम्पराको घेरामा रहेका भद्रा वा अन्य सम्भावित हानिकारक मुहूर्तहरु छल्ने सोचभन्दा पहिलेका मान्यतालाई छल्ने, तिनलाई एकातिर पन्साएर उम्कने प्रवृत्ति हावी हुँदैछ । यसको सोझो अर्थ हो हाम्रा पञ्चाङ्गका पानामरि रहेका तिथि र मुहुर्तसम्बन्धी विधानहरू पानामै टाँसिइरहने र तिनका स्थान अन्य परम्पराले लिने क्रम बढ्दो छ ।

मृत्यु : पारिवारिक-सामाजिक दृष्टिले मृत्यु एउटा अवश्यम्भावी र अप्रिय घटना हो। तर यसका असर अल्प र दीर्घकालीन हुने हुनाले यस घटनाको सांस्कृतिक-धार्मिक व्यवस्थापनका विधिहरु बने, शास्त्र र कार्मकाण्डका पुस्तक बनिए । ती विधि-विधान समाजमा आरोपित भए । कुनै चाहेको दिन वा घडी-पलामा मानिसले प्राकृतिक मृत्युवरण गर्न सक्दैन । यस्तो भए पनि पञ्चमी र दशमीमा र शुक्लपक्षमा भएको मरण मृतकका गतिका हिसाबले शुभ मानिन्छ । यी दिनमा मृत्यु भएको व्यक्ति सजिलै वैकुण्ठलोक जान्छ भन्ने विश्वास छ । कुन तिथिको मृत्यु बढी अशुभ गतिको कारक छ? अब यस प्रश्नमाथि पनि ध्यान दिउँ । शास्त्रले पाँचवटा नक्षत्रको आधिपत्यमा मृत्यु भएमा त्यो बढी कष्टकर मान्छ । ती ५ को समूहलाई पञ्चक भनिन्छ । ती हुन रेवती, शतभिशाखा, संस्कृति र अनुभूतिका आयामह पूर्वाभाद्रापदा, उत्तरभाद्रापदा र रेवती । यसैले मृत्यु नजिक पुगेको व्यक्तिले पञ्चकमा मृत्यु वरण नगरोस भन्ने चाहना आफन्तवृत्तमा रहन्छ, यद्यपि त्यसलाई टार्न कसैले सक्दैन । यदि यी पाँच तिथिमा नै मृत्यु भइहालेमा मृतकको संस्कार गर्दा कुशका पाँचवटा पुतला बनाई लासमिसै तिनको पनि संस्कार वा दाह हुनुपर्छ भन्ने विश्वास छ । क्रमशः...

मनोरञ्जन

अभिनेत्री बेनिशा हमालले 'मेरोस्ट्रिम' सुरू



दमक । अभिनेत्री बेनिशा हमालले 'मेरोस्ट्रिम' सुरू गरेकी छन् । नेपाली मनोरञ्जनलाई डिजिटल माध्यमबाट दर्शकसम्म पुऱ्याउने उद्देश्यले उनले यो ओटीटी सुरू गरेकी हुन् । सदस्यता शुल्कमा आधारित यो प्लेटफर्मले दर्शकलाई एउटै सदस्यताबाट चलचित्र, वृत्तचित्र, लघुचलचित्र, शो र वेब सिरिज हेर्न सक्ने सुविधा दिएको छ ।

नेपालमा इन्टरनेट र स्मार्टफोनको पहुँच बढ्दै गए पनि नेपाली सामग्रीका लागि भरपर्दो र व्यवस्थित डिजिटल मञ्चको अभाव कायमै छ । दर्शकले आफ्नै भाषा र संस्कृतिका सामग्री हेर्न चाहँदा कहिले यूट्युबमा छरिएका भिडियो खोज्नुपर्छ, कहिले सिनेमा हलमा सीमित अवधिका लागि मात्र पर्खनुपर्छ । यही अभाव पूरा गर्ने उद्देश्यले मेरोस्ट्रिम सञ्चालनमा ल्याईएको अभिनेत्री बेनिशाले बताईन् । यसले दर्शकको आवश्यकता र खर्च गर्न सक्ने क्षमताअनुसार बेसिक, स्ट्यान्डर्ड र प्रिमियम गरी तीन सदस्यता योजना ल्याएको छ ।

बेनिसाका अनुसार तीनवटै योजनामा विज्ञापनमुक्त हेर्न पाइन्छ, एउटै खातामा चारवटासम्म प्रोफाइल बनाउन सकिन्छ र क्रोमकास्ट वा एयरप्लेमार्फत टिभीमा हेर्न सकिन्छ । लामो अवधिको योजना रोज्दा मासिकभन्दा सस्तो पर्छ ।

दैनिक राशिफल



आज निति २०८३ साल कार्तिक १८ गते बुधबार
4 Nov. 2026
तिथि: दशमी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : पथ्यापस नोड, सगरमाथा आंचल नि.गा. उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

मेष च चे लो ला लि लँ ले लो अ शुभकार्यमा खर्च राज्य पक्षको सहयोग ।	कर्कट च चे लो ला लि लँ ले लो अ व्यापारबाट लाभ । माईबैनीसँग विवाद ।	तुला हि हु हे हो डा डि डु डे डो नजिको यात्रा । पुरुषार्थले धन लाभ ।	मकर भो जा जी खि खु खे खो गा गी खर्च बढ्ने । कार्यमा बाधा ।
वृष इ उ ए ओ वा वि वु वे वो अंगमा पीडा । सामान्य धन लाभ ।	सिंह मा मि मु मे मो टा टि टु टे शिक्षामा रुचि । लेनदेनमा सफल ।	वृश्चिक तो ना नि नँ ने नो या यि यु बोलीले मित्र बन्ने । धन संग्रह गर्ने दिन ।	कुम्भ गँ गे गो सा सी सँ से सो द नशा, अड्डीमा समस्या । व्यापारबाट लाभ ।
मिथुन का कि कु घ ङ छ के को हा शत्रु परास्त । वैदेशिक कामना फलिफाप ।	कन्या टो प पी पँ ष ण ठ पे पो मित्रबाट सहयोग । बचाउसी सामान जोडिने ।	धनु य यो भा भी भ धा फा ढ भे उत्तम भोजन । जीवन साथीको प्रगति ।	मीन दि दु थ झ ञ ज दे दो चा ची कार्यमा सुधार । पिताजीबाट सहयोग ।

डीडीसीका महाप्रवन्धकसहित ८ जना पक्राउ

दमक/ दुग्ध विकास संस्थान (डीडीसी) मा आर्थिक अनियमितता गरेको आरोपमा पूर्वमहाप्रवन्धक संजीव भासहित ८ जना पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सीआईवी)ले उनीहरूलाई पक्राउ गरेको जनाएको छ ।

पक्राउ परेका भा हाल संस्थानकै प्रशासन तथा व्यवस्थापन विभाग प्रमुखका रूपमा कार्यरत छन् । पक्राउ पर्ने अन्यमा तत्कालीन सिम्ले चिस्यान केन्द्रका इन्चार्ज तथा हाल बालाजुस्थित दुग्ध वितरण आयोजनामा कार्यरत विजयकुमार यादव, तत्कालीन भक्तपुर चिस्यान केन्द्रका इन्चार्ज तथा हाल केन्द्रीय कार्यालयमा कार्यरत मनहरी शर्मा, तत्कालीन चनौली चिस्यान केन्द्रका इन्चार्ज तथा हाल दुग्ध वितरण आयोजनाको संकलन केन्द्रमा कार्यरत रामकेवल राय पक्राउ छन् ।

यसैगरी बागमती धुलो दूध कारखाना हेटौंडामा कार्यरत जितेन्द्रकुमार यादव, नवलपुर/ गरुडा चिस्यान केन्द्रका इन्चार्ज नवीन राय यादव, माडी चिस्यान केन्द्रमा कार्यरत शिवनन्दन राय र माडी चिस्यान केन्द्रका इन्चार्ज विखवहादुर भण्डारी पनि पक्राउ परेको सीआईवीले जनाएको छ ।



सीआईवीका अनुसार संस्थानका तत्कालीन महाप्रवन्धक भासहितका उच्च तहका अधिकारी, चिस्यान केन्द्रका प्रमुख तथा कर्मचारीहरूको मिलेमतोमा अनियमिता भएको उजुरी परेको थियो ।

सोही उजुरीपछि संस्थानलाई आर्थिक हानि पुऱ्याएर १२ करोड १३ लाख ४३ हजार ५३० रुपैयाँ गैरकानुनी लाभ लिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको सीआईवीले जनाएको छ ।

पक्राउ परेकाहरूमाथि प्रहरीले मुलुकी अपराध संहिता, २०७४ को आपराधिक विश्वासघात सम्बन्धी कसुर तथा संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गत अनुसन्धान अघि बढाएको जनाएको छ ।

भद्रपुरमा विद्यार्थी महोत्सव

भद्रपुर/ झापाको सवैभन्दा पुरानो नगरपालिका भद्रपुरले स्थापनाको ७५औं वर्षगाँठका अवसरमा बुधबारदेखि तीनदिने विद्यार्थी महोत्सव आयोजनाको चयारी गरिरहेको छ । नगरपालिकाको हीरक महोत्सवअन्तर्गत भद्रपुर-८ स्थित मेची रंगशालामा कार्तिक १८ देखि २० गतेसम्म महोत्सव सञ्चालन हुने नगरप्रमुख गणेश पोखरेलले जानकारी दिए ।

'सीप, सिर्जना र प्रतिभाको उत्सव, समृद्ध भविष्यका लागि विद्यार्थी महोत्सव' नारासहित आयोजना हुने महोत्सवमा नगरभित्रका २७ सामुदायिक र ३१ संस्थागत गरी ५८ विद्यालयका विद्यार्थी सहभागी हुने नगर शिक्षा प्रमुख पवित्रा ढकालले बताइन् ।

विद्यार्थीको अन्तर्निहित प्रतिभा प्रस्फुटन, सिर्जनात्मक क्षमता विकास तथा विद्यालयबीच अनुभव र सिकाइ आदानप्रदान गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको नगरप्रमुख पोखरेलले बताए ।

विराटनगरमा साढे दुई लाखको पटाका नष्ट

विराटनगर । भारतबाट अवैध रूपमा नेपाल भित्र्याइएको करिब दुई लाख ५० हजार रूपैयाँ मूल्य बराबरको पटाका सशस्त्र प्रहरीले नष्ट गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म हेडक्वार्टर रानीले विभिन्न मितिमा सीमा नाकाबाट बरामद गरी भण्डारण गरेको पटाका मंगलबार गुल्म परिसरमा खाल्डो खनेर पुरेको हो । गुल्मका अनुसार बरामद पटाकाको अनुमानित बजार मूल्य दुई लाख ५० हजार रूपैयाँ रहेको छ ।

तिहार र छठ पर्व नजिकिँदै गर्दा भारतबाट अवैध रूपमा पटाका भित्र्याउने क्रम बढ्न सक्ने भन्दै सीमा क्षेत्रमा निगरानी कडा पारिएको सशस्त्र प्रहरीले जनाएको छ । अवैध ओसारपसार तथा बिक्रीवितरण रोक्न सुरक्षा सतर्कता बढाइएको गुल्मले जनाएको छ ।

जनकवि श्रेष्ठको निधन

दमक/ नेपाली भाषाका जनकवि तथा वरिष्ठ साहित्यकार दुर्गालाल श्रेष्ठको आइतवार राति निधन भएको छ । ९३ वर्षीय श्रेष्ठको बूढानीलकण्ठस्थित आफ्नै निवासमा निधन भएको हो । उनी पछिल्लो समय लामो समयदेखि विरामी थिए ।

विगत ६ दशकदेखि साहित्य सिर्जनामा निरन्तर सक्रिय श्रेष्ठले नेपाल भाषाका साथै नेपालीमा पनि कविता, गीतलगायत विभिन्न विधामा कलम चलाएका थिए । नेपाल भाषा परिषद्ले उनलाई 'जनकवि'को उपाधिबाट सम्मानित गरेको थियो ।

माधव....

हदबन्दीभन्दा धेरै जग्गा मन्त्रिपरिषद्बाटै निर्णय गराएर सट्टापट्टाको नाममा बिक्री गरिएको आरोपमा नेपाललाई दोषी करार गर्दै अख्तियार विशेषमा पुगेको हो । इटहरीबाट विराटनगर जाने मूल सडकसँग जोडिएको जग्गा बिक्री गर्न दिएर दुर्गम स्थानमा जग्गा सट्टापट्टा गर्न ०६६ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकारले अनुमति दिएको थियो ।

दमकमा.....

विषयमा टेवा पुग्न नसकेको उनले सुनाए । तर यो महोत्सवबाट खर्च बचाएर बचत गरेको रकमलाई दमक ८ मा रहेको आफ्नो जमिनमा प्रयोग गरिने अध्यक्ष कुमालको भनाइ छ । उनका अनुसार महोत्सवलाई सफल बनाउन महासंघमा आवद्ध सबै १५ वटा जातिय संस्थाहरू परिचालित छन् ।

महासङ्घ कि नगर सचिव समुन्द्रा लामाले सञ्चालन गरेकी सो पत्रकार सम्मेलनमा किरात राई, लिम्बु, सुनवार, धिमाल, कुमाल, गुरुङ लगायतका जातीय संस्थाको प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

दमक ७ स्थित सयपत्री टोलमा लाग्ने महोत्सवमा दैनिक सांस्कृतिक कार्यक्रम सञ्चालन हुनेछन् । त्यस्तै, विभिन्न खेल तमासा , खानपिनका स्टलहरू, दैनिक उपभोग्य सामग्रीहरूका विभिन्न स्थल रहने उपाध्यक्ष भगवती श्रेष्ठले बताइन् । महोत्सवमा ५० हजार बढी दर्शकले अवलोकन गर्नुका साथै १ करोड बढीको कारोबार हुने अनुमान गरिएको सचिव समुन्द्र लामाले बताइन् ।

आज हुने महोत्सवको दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । साँझमा भने राष्ट्रिय कलाकार सिद्धान्त खड्का, मिलन परियार लगायतको विशेष प्रस्तुति रहने महासंगी कोषाध्यक्ष ओममाया आडदेम्बे बताइन् ।

कोशी.....

अन्त्य गर्ने निर्णय गरेको हो । निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने, कार्यसम्पादन जमानत जफत गर्ने र हर्जाना असुल गर्ने प्रक्रिया पनि अघि बढाइएको छ ।

यसैगरी, मेची करिडोरअन्तर्गत इलामको बेलासे-गोलाखर्क (राँके) भञ्ज्याङ सडक निर्माणको ठेक्का पनि सडक डिभिजन इलामले अन्त्य गरेको छ । खड्का कृष्ण-सक्षम जेभीले ६३ महिनामा ४५.२८ प्रतिशत मात्रै वित्तीय प्रगति गरेको भन्दै कार्यालयले कार्तिक ११ गते ठेक्का रद्द गर्ने निर्णय गरेको हो । यी दुवै ठेक्का इलामस्थित सडक डिभिजनका आयोजना हुन् ।

प्रेस.....

मोही लागेको जग्गाको जग्गाधनी र मोहीले जग्गा बाँडफाँट गरी लिन निवेदन दिनुपर्ने अवधि २०८५ कात्तिकसम्म थप गर्ने निर्णय पनि बैठकले गरेको छ । जग्गा बाँडफाँटसम्बन्धी कारबाही टुङ्ग्याउने अवधि २०८६ असार मसान्तसम्म थप गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न स्वीकृति दिइएको छ ।

यसैगरी, प्रेस काउन्सिल ऐन, २०४८ संशोधन गर्न बनेको अध्यादेश तथा संस्कृति, पर्यटन तथा नागरिक उड्ययनलगायत केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय भएको छ ।

इ-रिक्सा मूल्य सूची सम्बन्धी सूचना

शुभयात्रा कन्स्ट्रक्सन एण्ड टेक प्रा.लि. दमकमा ARROW AUTO movtive इन्डीयन ब्राण्डको EV-11 मोडल ५ सीट क्षमताको इन्डीयन ई-रिक्सा रु. १,९१,०००।-मूल्यमा उपलब्ध छ ।
Size (L2800xW1000xH1800)MM

शुभयात्रा कन्स्ट्रक्सन एण्ड टेक प्रा.लि.
प्यान नं. ६०३५१५३३८, दमक-८, झापा, सम्पर्क : ९८५२६५०५६१

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

- सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र सामुदायिक सद्भावमा खलल पुऱ्याउने तथा घृणा सिर्जना गर्ने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,
- कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
- जातीय भेदभाव, घृणाघृत र श्रमप्रति अवहेलना नगरौं,
- शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनतः दण्डनीय हुनछन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०८९०

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजारमा

झापाली इटा

ठूलो साइजको ईटा उपलब्ध छ ।

सम्पर्कका लागि:
भगवान वस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- दुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA

CASH BACK OFFER
RS. 100 -5000
9842645136

GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

भाखा नाघेको कर्जा बुझाउन ल्याउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयबाट तपसिल बमोजिमका व्यक्ति तथा संस्थाहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने रकम नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम बुझाउन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ र यस बैंकको नियम बमोजिम कर्जा लिंदा बैंकलाई लेखिदिएको धितो लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने जानकारी गराउँदछौं । साथै सो धितोले नपुग भएमा निजको अन्य सम्पत्ति समेत लिलाम गरी असुल गर्ने अधिकार बैंकमा रहेको जानकारी यसै सूचनाबाट जानकारी गराउँदछौं । साथै निम्न व्यक्तिहरुलाई बैंकबाट कर्जा लिदा अफ्नो सम्पत्ति धितो राख्न मञ्जुरी दिने व्यक्तिलाई समेत यसै सुचना मार्फत जानकारी गराउँदछौं ।

सम्बन्धित कार्यालय: शाखा कार्यालय दमक, झापा

तपशील

क्र.सं.	ग्राहकको नाम	ठेगाना	बाजे/ससूरा	ग्राहकको पिता/पतिको नाम	कर्जाको उद्देश्य	सांवा	मिति २०८३।०६।३१ सम्मको बाकी व्याज	जम्मा तिनुपर्ने रकम	धितो मञ्जुरीनामा दिनेको नाम
१	धर्म ढुंगाना	दमक न.पा. ५, झापा	त्रिलोचन ढुंगाना	जय प्रसाद ढुंगाना	सरल कृषि कर्जा, व्यक्तिगत, घरायसी	५००००००	४६५९०२	५४६५९०२	जय प्रसाद उपाध्याय ढुंगाना
२	मदन कुमार भण्डारी	कमल गा.पा. ६, झापा	लाल बहादुर भण्डारी	टेक बहादुर भण्डारी	सरल कृषि कर्जा	१००००००	३१७६३	१०३१७६३	विष्णु देवी भण्डारी साही
३	रेनता निर्माण सेवा (संचालक आशिष वान्तावा)	दमक न.पा. ७, झापा	सेर बहादुर राई	श्याम कुमार राई	सरल ठेक्का कर्जा, फोर्स लोन	३०००००	२४४७०४	३२४४७०४	हिमा कुमारी राई
४	कृष्ण स्टोर (प्रो.कृष्ण कुमार शर्मा)	दमक न.पा. ७, झापा	जमिले शर्मा	लक्ष्मण प्रसाद शर्मा	व्यापार कर्जा	६०००००	६७५३	६००६७५३	शान्ति मान्ति शर्मा
५	डिजाइनिङ हूड सेन्टर (प्रो.पिन्की शर्मा)	दमक न.पा. ७, झापा	पिता: कृष्ण देव शर्मा	पति: कृष्ण कुमार शर्मा	व्यापार कर्जा	४०००००	१७५०८	४०१७५०८	शान्ति मान्ति शर्मा
६	लगनसिल कृषि फार्म प्रा.लि. (संचालक इन्द्रप्रसाद सापकोटा)	शिवसताक्षी न.पा. ८, झापा	वाचस्पति सापकोटा	कपिलमनि सापकोटा	कृषि उत्पादन कर्जा	७१६५८०३	२४३१८२	७४०८९८५	

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय काठमाडौं

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५६०२७२.
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com